आज मिति २०८१/११/०६ गते यस निस्दी गाउँपालिकाको ७८ औं गाउँ कार्यपालिका बैठक यसै निस्दी गाउँपालिकाका अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षता तथा तपसिल अनुसारको उपस्थितिमा बैठक बसी देहाय अनुसारको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिति :

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. वडा अध्यक्ष १ नं. वडा श्री यम बहादुर राना

४. वडा अध्यक्ष २ नं. वडा श्री फत्ते सिं दर्लामी

५. वडा अध्यक्ष ३ नं. वडा श्री नविन्द्र थापा सोती

६. वडा अध्यक्ष ४ नं. वडा श्री सन्तविर सुनारी

७. वडा अध्यक्ष ५ नं. वडा श्री दुर्गा बहादुर सोमै

८. वडा अध्यक्ष ६ नं. वडा श्री मेख बहादुर सुनारी

९. वडा अध्यक्ष ७ नं. वडा श्री मुक्त बहादुर पाटा

१०. कार्यपालिका सदस्य श्री हेम कुमारी सुनारी

११. कार्यपालिका सदस्य श्री देवीसरा सोमै

१२. कार्यपालिका सदस्य श्री मिम्श्री बयम्बु

१३. कार्यपालिका सदस्य श्री खुमीसरा पुलामी

रिकलाल १४. कार्यपालिका सदस्य श्री रिकलाल कामी

१५.कार्यपालिका सदस्य श्री खुम बहादुर वि.क.

१६.प्रमुख प्रशासकीय अधिकृत श्री मदन अर्याल

अन्य सहयोगी कर्मचारी १७.प्रशासन अधिकृत श्री अर्जुन खनाल

१८. लेखा अधिकृत श्री सरोज काफ्ले

१९. कार्यालय सहयोगी श्री शोभा कुमारी फाल

२०. बिनिमाया सुनारी

मिति २०८१। ११।०६ गते बसेको निस्दी गाउँपालिकाको ७८ औं गाउँ कार्यपालिका बैठकको प्रस्तावहरु

१ .गत कार्यपालिकाको निर्णय समिक्षा तथा रिपोटिङ्ग सम्बन्धमा ।

२. माननिय उपप्रधानमन्त्री तथा अर्थमन्त्री ज्यूको यस गाउँपालिकामा हुने अनुगमन तथा भ्रमण सम्वन्धमा ।

३. मगर दिवश मनाउने सम्वन्धमा ।

४. मुख्य प्रशासनिक भवन म्याद थप सम्वन्धमा ।

५. विविध ।

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

लुम्बिनी प्रदेश, नेपाल

मिति २०८१।११।०६ गते बसेको निस्दी गाउँपालिकाको ७८ औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो। गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा भएको पाइयो। प्रमुख प्रशासकीय अधिकृत बाट गाउँ कार्यपालिकाको कार्यालय बाट सम्पादन भएका सेवा प्रवाह ,सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यबाट वडा कार्यालयबाट भएको सेवा प्रवाह तथा आयोजना संचालन, जनगुनासो र जनगुनासोको सम्वोधन गर्ने सम्बन्धी विषयमा यस बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा माननिय उपप्रधानमन्त्री तथा अर्थमन्त्री ज्यूको यस गाउँपालिकामा हुने अनुगमन तथा भ्रमणको लागि आवश्यक तयारी तथा समन्वय गर्न गाउँपालिका अध्यक्ष लाई जिम्मा दिने निर्णय गरियो।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा मिति २०८१-११-१५ गते ४३ औं मगर दिवशको उपलक्ष्यमा शुभकामना सहित भव्य रुपमा मनाउन निस्दी गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय , शैक्षिक संस्था लागाएतका मातहतका कार्यालयमा सार्वजनिक विदा दिने र प्रत्येक वडामा रु ५० हजारका दरले मगर दिवश शिर्षकबाट कार्यक्रम संचालन निर्णय गरियो।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा ७६ औं गाउँकार्यपालिकाको निर्णय नं ४ (ग) अनुसारको योजना माग गर्न संघिय समपुरक र विशेष अनुदानको कार्यविधि अनुसार नमिल्ने देखिएकोले आ .व २०८२/०८३ को लागि संघिय समपुरक र संघिय बिशेष अनुदानको लागि देहाय अनुसार माग गर्ने निर्णय गरियो।

**समपुरक**

| क्र स | योजनाको नाम | आयोजना संचालन हुने स्थान | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | केम खम्चा मार्ग स्तरोन्नती तथा ग्राभेल | वडा नं १ २ ३ ४ ६ र ७ | ७ करोड | |

**संघिय विशेष**

| क्र स | योजनाको नाम | आयोजना संचालन हुने स्थान | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | स्थाई टनेल निर्माण | निस्दी गा पा सबै वडा | १,२५,००,००० | |
| २ | निस्दी गाउँपालिकाको शैक्षिक विकासका लागि सेवाको गुणस्तर | निस्दी गा पा सबै वडा | १,००,००,००० | |

२०८१।११।०६

| | | | | |
|---|---|---|---|---|
| | अभिबृद्दि कार्यक्रम | | | |
| ३ | भकारो सुधार कार्यक्रम | निस्दी गा पा सबै वडा | ७५००००० | |

५.प्रस्ताव नं ५ माथि छलफल गर्दा देहाय अनुसार निर्णय गरियो ।

क) मिति २०८१/११/०१ गते देखि संचालित न्यायीक समिति तालिममा सहभागि मेलमिलापकर्ताहरुलाई प्रति दिन रु ३०० का दरले न्यायिक समिति व्यवस्थापन शिर्षक बाट भत्ता प्रदान गर्ने निर्णय गरियो ।

ख) निस्दी गाउँपालिका वडा नं ७ साविक ज्यामिरे गा.वि.स वडा नं ३ निवासी जग्गाधनि श्री जौमाया दमाई ,पतिको नाम श्री ज्ञान बहादुर र ससुराको नाम प्रेमसिं भएको कित्ता नं ८४ को क्षेत्रफल २-१-०-३ ( १०५५.२५ बर्गमिटर )बाट २-१-०-३ ( १०५५.२५ बर्गमिटर )ज्यामिरे वडा कार्यालयको नाममा निशुल्क रजिष्ट्रेशन पास गर्नको लागि सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

ग) निस्दी गाउँपालिकाबाट क्यालेण्डर , डायरी र मगर भाषाको पाठ्यपुस्तक छपाईको र बिपद् समाग्री खरिदका लागि गाउँकार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो ।

घ) निस्दी गाउँपालिकाको ठेक्का EGP/NCB/WORKS (HB) /NRM/03-077/78 को ठेक्का म्याद सकिएकै मिति बाट म्याद थप हुने गरी मिति २०८२ असार मसान्त सम्म थप गर्ने सर्वसम्मत निर्णय गरियो । साथै ठेक्का नं EGP/NCB/WORKS /NRM/09-077/78 को ठेक्का म्याद सकिएकै मिति बाट मिति २०८२ असार मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

ङ) उज्यालो निस्दी र सोलार खरिद शिर्षक अन्तरगत खरिद भएको सामाग्री देहाय अनुसार वितरण गर्ने निर्णय गरियो ।

| क्र स | वडा नं | सोलार | सोलार स्ट्रेट लाईट | कैफियत |
|---|---|---|---|---|
| १ | वाकामलाङ्ग | १ | ४ | |
| २ | सहलकोट | १ | ५ | |
| ३ | झिरुवास | २ | ४ | |
| ४ | मित्याल | ० | ४ | |
| ५ | गल्धा | ० | ४ | |
| ६ | अर्चले | ० | २ | |
| ७ | ज्यामिरे | २ | ४ | |

छ) लक्षित बर्ग दलित तर्फको कार्यक्रम रु ५ लाखको प्रस्तावना अनुसार सुईटर बुन्ने तालिम संचालन गर्ने निर्णय गरियो ।

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

ज) स्थानिय  भत्ता कार्यविधि २०७८ को परिच्छेद २ अन्तरगत बुदाँ नं ३.२ को उप दफा ग को प्रतिशत २२ र घ को प्रतिशत २० पुर्याउने र मिति २०८१ श्रावण १ देखि लागू हुने गरि संसोधन सहित सर्वसम्मत पारित गरियो ।

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत